**नेपालगञ्ज उपमहानगरपालिका**का **नगर प्रमुख डा धवल शमशेर राणा**द्वारा माघ १७ गते आयोजित पत्रकार भेटघाटमा प्रस्तुत **केही कार्यक्रम, योजना र विकास**केन्द्रित बिषयवस्तु

- **असार २२ गतेदेखि औपचारिक पदवहालीपछि हालसम्म १६ वटा बोर्ड वैठक बसेका छन् भने सर्व सम्मत रुपमा विभिन्न निर्णय गरिएका छन् ।**
- **बोर्डबाट भएका अधिकांस निर्णय कार्यान्वयन प्रक्रियामा छन् ।**
- **उपमहानगरपालिकासँग जनअपेक्षा अत्यधिक छ, त्यसको तुलनामा क्षेत्राधिकार र जिम्मेवारी(हाललाई अष्पष्ट), वजेट, श्रोत साधान, दक्ष जनशक्ति आदिको अभाव छ ।**
- **वडा कार्यालयलाई सम्वन्धित स्थानबाटै सञ्चालनमा ल्याइएको छ । कम्प्यूटर जडान गरि अनलाइन सेवा समेत सञ्चालन गरेर जनतालाई सहज सेवा प्रवाह गरिएको छ ।**
- **मोवाइल एप्स समेत निर्माण गरिदैछ । संचालित सबै योजनाहरुको बारेमा मोवाइलमार्फत नै जानकारी हासील गर्न सकिनेछ ।**
- **उपमहानगरपालिकाको कार्यालयमा विद्यतीय हाजीरीको व्यवस्था गरिएको छ ।**
  **नगरवासी तथा सेवाग्राहीको गुनासो सुन्ने र सम्वोधनको पहलका लागि टोल फ्रि नम्वर (१६६०-८१-५२०५२) राखीएको छ ।**
- **उपमहानगरपालिकामा डिजीटल नोटिस बोर्ड राखीएको छ ।**
- **समाजिक सुरक्षा, घटना दर्तालाई ईमाध्यमबाट व्यवस्थित गर्ने प्रक्रिया शुरु गरिसकिएको छ ।**
- **नेपाल भारत सीमास्थित प्रवेशद्धार पुनःनिर्माण गरिएको छ भने रानी तलाउ, महेन्द्रपार्क, वाटर पार्क पुनः निर्माणको चरणमा छन् ।**
- **प्रथम नगर सभामार्फत करिव दुई अर्ब ७७ करोड ९ लाख एक हजार ५ सय ९६ को आय÷ व्यय प्रस्ताव सहितको निती तथा कार्यक्रम सार्वजनिक गरिएको छ ।**
- **नेपालगञ्ज वडा न १६,२० र २१ लाई जी आईजेडको सहयोगमा नमुना वडाका रुपमा विकास गरिदैछ ।**
- **यात्रुको सुरक्षा तथा सहज आवागमन, व्यवस्थित यातायात सञ्चालन र नगरको सौन्दयर्ताका लागि ट्राफिक व्यवस्थापनलाई प्राथमिकतामा राखेर वृहत योजनासहितका कार्यक्रम, अभियान सञ्चालन गरिएका छन् ।**
- **पार्किङ स्थल पहिचानका साथै प्रयोगमा ल्याई सवारी यातायात व्यवस्थित गर्ने प्रयास भइरहेको छ ।**
- **अत्याधिक चापमा रहेका इरिक्सा व्यवस्थापन गरिएको छ । इ रिक्सा(निजी बाहेक)को नयाँ दर्ता प्रक्रिया रोकिएको छ भने पुरानालाई पनि व्यवस्थित गरिदैछ ।**
- **सुर्खेतरोडलाई हरा भरा बनाउन ग्रीन वेल्टमा वृक्षारोपण गरिएको छ । यसमा विशेषतः बैंकर्स र होटल व्यवसायी लगायतको साझेदारी छ । घर नक्सा बनाउँदा अनिवार्य विरुवा रापीएको हुनुपर्ने प्रावधान लागु छ ।**
- **नगर सरसफाईलाई उच्च प्राथकिता दिइएको छ । फोहर संकलन र सडक सफाइका लागि ४ वटा ट्रयाक्टर रहेकोमा अहिले ८ वटा ट्रयाक्टर परिचालित छन् । वडामा २/२ जना कुचीकार थप गरिएको छ । सरसफाईकर्मी पनि नियमित परिचालित छन् । मानव स्वास्थ्यलाई असर गर्ने सडकको धुलो समेत उठाइदैछ । सुर्खेत रोड लगायत मुख्यसडकमा धुलो संकलन गर्ने अभियान जारी छ । यसमा विभिन्न व्यक्ति, संस्थाको सहभागिता बढदैछ ।**

- **नगर सरसफाईका लागि डस्टवीन कार्यक्रम पनि सञ्चालन गरिदैछ ।**

- फोहर विसर्जन(उचितस्थान)को समस्यालाई सहजीकरण गर्दै आएका छौं तथापी अब फोहर नै कम उत्पादन गर्ने बातावरण सिर्जना गर्दैछौं । सचेतनासँगै कुहिने र नकुहिने फोह्र छुटयाउने, संकलन गर्ने र उचित व्यवस्थापन गर्नेछौं ।
- फोहर विसर्जनका लागि वडा न २३ हिरमिनीयामा फोहोर व्यवस्थापन केन्द्र (ल्याण्डफिल साइड) निर्माण जारी छ । निर्माण क्षेत्रभित्र खरिद गर्नु पर्ने जग्गा खरिद नभएको कारण करिब एक विघाः जग्गा थप खरिद गर्नु पर्नेछ । सो प्रक्रिया अन्तिम चरणमा छ ।
- धार्मिक तथा पर्यटकिय केन्द्रका रुपमा रहेको बागेश्वरी मन्दिर व्यवस्थित गरिदैछ । चल अचलसम्पतिको पहिचान, परिचालन लगायतका कार्यहरु तदारुकताका साथ बढाइदैछ ।
- सुर्खेतरोड लगायतका क्षेत्रबाट फुटपाथ अतिक्रमण हटाइदैछ । व्यवसायलाई व्यवस्थीत गरिदैछ ।
- बेवारिसे पशुलाई व्यवस्थापन गरिदैछ । काञ्जी हाउस पु¥याउने, पशु धनीलाई कारवाही गर्ने प्रक्रिया बढाइएको छ ।
- काञ्जी हाउस निर्माणका लागि जग्गाको खोजी भइरहेको छ ।
- नगरलाई खुला दिसामुक्त बनाउने अभियानलाई सशक्त रुपमा बढाइएको छ । अहिलेसम्म १५ वटा वडा खुला दिसामुक्त वडा घोषणा गरिसकिएका छन् भने चाँडै नै नगर नै खुला दिसामुक्त गर्ने गरि अनुगमन लगायतका कार्य अघि बढाइएको छ ।
- अधुरो सडक, ढल÷नालाहरुको पूर्वाधार विकासका लागि एशियाली विकास वैंकबाट क्षेत्रीय शहरी विकास आयोजनामार्फत दोस्रो चरणमा पनि सडक पिच र ढल निर्माणको काम हुने तयारीमा छ । सो का लागि तीन अरव ७१ करोड वजेट रहेको छ । फेरी पनि नगरमा ९० कीमी सडक पीच बन्दै छ ।
- पानी, फोहर जम्ने नेपालगञ्जमा ढल÷नाली निकासको उचित व्यवस्थापन हुदैछ । यसपाली पनि ४० कीमी ढल ÷ नाला निर्माण हुँदैछ ।
- सडक खाली गर्न कठिन हुँदै आएको सदरलाइन(चारवाहीनी – त्रीवेणीमोड) क्षेत्र पनि अब चाडै निर्माण र विस्तार हुँदैछ । सायद अबको केही दिनमै अन्तिम सूचना जारी पछि कार्य शरु हुनेछ ।
- नगरक्षेत्रभित्र ६ मिटर भन्दा कमको बाटो निर्माण गर्न वन्देज लगाइएको छ । भवन आचार सहिंतालाई पनि कडाईका साथ लागु गरिदैछ । सरकारी भवन अनिवार्य अपाङ्गमैत्री बनाइनुपर्नेछ ।

- कान्ति काललाई अत्याधुनीक पर्यटकीय केन्द्रका रुपमा विकास गरिदैछ । अहिले काम भइरहेको छ ।
- व्यवस्थित बसपार्कको अभाव झेल्दै आएको नेपालगञ्जमा अब अत्याधुनिक बसपार्क बन्दैछ । सपिङ्ग कम्प्लेक्ससहितको वसपार्क निर्माण कार्य जारी रहेको छ ।
- वार्षिक आन्तरिक आम्दानी करिब १० करोड रहेकोमा अब करिव १४ करोड अनुमान गरिएको छ ।
- सरकारी, ऐलानी जग्गा अतिक्रमण रोक्न, त्यसको संरक्षण, सम्वद्र्धन गर्न सर्वदलीय वैठकबाट आवश्यक पहलकदमी लिइएको छ । भू उपयोग निति अवलम्वन गर्ने प्रकृयामा छौ ।
- न्यूरोडमा विशाल वजारका लागि डिपीआर बन्दैछ ।
- गौशाला र सिटी हल निर्माणका लागि वडा न १४ मा जग्गा छनौट गरिएको छ ।
- वैकल्पिक रंगशाला निर्माणका लागि नेपालगञ्ज – २३ हिरमिनीयामा जग्गा खोजीएको छ ।
- उपमहानगरपालिकाको समग्र विषयवस्तु समेटिएको नगर प्रोफाइल निर्माण हँुदैछ ।

- मानवीयता स्वरुप ससाना राहत पनि दिने प्रयास गरिरहेका छौं । अत्यधिक चिसोबाट आहात नगरवासीलाई चौक चौकमा आगो बाल्ने व्यवस्था गर्नुका साथै  केही परिवारलाई कम्वल वितरण गरेका छौं । यस्तै बाढी प्रभावितलाई पनि राहत उपलव्ध गराएका छौं
- मातृ मृत्यूदर कम गर्न स्वास्थ्य स्वयं सेवीकामार्फत मोवाईल हेल्प सेवा प्रारम्भ गरिएको छ ।
- नेपालगञ्ज – २३ हिरमिनीयामा वडा स्तरिय स्वास्थ्य कार्यालय स्थापना गरिदैछ ।
- नेपालगञ्ज – ४ मा शहरी स्वास्थ्य क्लीनिक भवन निर्माण गरिदैछ ।
- नगरमा चाँडै सीसीटीभी जडान गरि सुरक्षा प्रवन्ध मिलाईनेछ । सो का लागि पहल भइरहेको छ ।
- कृषि, शिक्षा, स्वास्थ्य लगायतका विषयमा पनि काम गर्नु पर्ने दायित्व बढेसँगै चुनौती पनि थपीएका छन् तथापी सम्वन्धित अधिकारीसँगको समन्वय र सहकार्य जारी रहेको छ ।
- प्लाष्टिकमुक्तसँगै बालमैत्री नगर घोषणा गर्नु पर्ने दायित्व छ ।  बाल अधिकारका अधिकांस सूचक पनि पुरा हुँदैछन् ।

**धन्यवाद**

